# इस्मालीको "गाउँको माया" कथामा सीमान्तीयता

✍ **केशव निरौला**
**(सहायक प्राध्यापक, उर्लाबारी बहुमुखी क्याम्पस, मोरङ)**

**लेखसार**

*कथाकार इस्मालीद्वारा लिखित वर्गद्वन्द्वमा आधारित सीमान्तीय प्रकृतिको कथा 'गाउँको माया' हो । यसमा नेपाली तराई क्षेत्रविशेषलाई केन्द्रबिन्दु बनाएर विषयगत, पात्रगत र परिवेशगत सीमान्तीयतालाई झल्काउने प्रयास गरिएको छ । यसकारण पनि उक्त सन्दर्भहरूको अवस्था केकस्तो रहेको छ भन्ने कुरा सीमान्तीयताको सैद्धान्तिक मान्यताअन्तर्गत रहेर विश्लेषण गरिएको छ । कथामा अभिजात वा धनाढ्य वर्गका रूपमा रहेका जमिनदारहरूले पुस्तौँपुस्तादेखि कसरी एउटा वर्गबाट न्यून पारिश्रमिकमा सेवा लिइरहेका छन् भन्ने मार्मिक दृष्टान्तको विश्लेषणसँग गाँसेर नै सीमान्तीयताको चरम स्वरूपबारे परिचर्चा गरिएको छ । त्यसक्रममा परिछन र बुधनाजस्ता पात्रहरू अथवा तिनैमध्येका शनिचर र फेकनजस्ता पात्रहरू उदाहरणीय बनेका छन् । तिनका अगिल्ला पुस्तादेखि वर्तमान हुँदै पछिल्ला पुस्तासम्मको सीमान्तीय अवस्थाबारेको यथार्थ र सम्भावना औँल्याइएको छ । शैक्षिक जागरणको अभावले कसरी सीमान्तीयताको विकृत स्वरूप देख्न पाइन्छ भन्ने दृष्टान्त प्रस्तुत गरिएको छ । किसनजस्तो एउटा आसलाग्दो सीमान्तीय वर्गको प्रतिनिधि पात्रका माध्यमबाट सीमान्तीय वर्गको परिवर्तनका लागि शैक्षिक चेतनाको आवश्यकता कतिसम्म रहन्छ भन्ने कुरा देखाइएको छ । यस्ता सीमान्तीय प्रसङ्गहरूको उत्खनन र विश्लेषणका क्रममा यस आलेखका लागि सीमान्तीयताको सैद्धान्तिक कसीलाई नै विशेष रूपमा उपयोग गरिएको छ । अतः विषयगत, पात्रगत र परिवेशगत सीमान्तीयतापूर्ण अवस्थाको विश्लेषणका क्रममा गुणात्मक विधिको उपयोग गर्दै प्रस्तुत कथामा सीमान्तीयताको जीवन्त अभिव्यक्ति पाइएको कुरा निष्कर्षस्वरूप प्रस्तुत गरिएको छ ।*

**शब्दकुञ्जिका :** निमुखा, प्रभुत्व, वर्गीय विभेद, सबाल्टर्न, सीमान्तीयता

## विषयप्रवेश

आधुनिक नेपाली कथापरम्परामा प्रगतिवादी कथाकारका रूपमा सुपरिचित नाम हो- इस्माली (२०१२ जेठ ४) । 'ऋणको थिचो' (२०३१) कथाका माध्यमबाट नेपाली आख्यानमा प्रवेश गरेका इस्मालीका 'माछो माछो भ्यागुतो' (२०५२), 'अर्को एउटा पृथ्वी' (२०५७), 'घाम घामजस्तो छैन' (२०५८), 'इस्मालीका प्रतिनिधि कथाहरू' (२०६७) र 'श्रीको खोजी (२०७३)' कथासङ्ग्रहहरू प्रकाशित छन् । उनको 'गाउँको माया' कथाचाहिँ 'माछो माछो भ्यागुतो' (दो.सं. २०७७) कथासङ्ग्रहमा सङ्कलित छ । तराईको परिवेशमा अत्यन्त पिछडिएको वर्गविशेषलाई आधार मानी

तयार पारिएको यस कथाले वर्गद्वन्द्वको अवस्था र जागृतिमूलक चेतनाको सन्दर्भलाई समेटेको छ । अत्यन्त हेपिएका वा निम्न वर्गमा रहेका श्रमिमलगायतका समुदाय लक्षित विषय भएकाले यस आलेखमा विशेष गरी सीमान्तीयताका कोणबाट विश्लेषण प्रक्रियालाई अगि बढाइएको छ । 'सीमान्तीयता' आफैमा पारिभाषिक शब्दमा मात्र सीमित छैन । यो एउटा स्थापित मान्यतासमेत भइसकेकाले यस अनुसन्धानमा वर्गीय सीमान्तीयता, चेतनागत सीमान्तीयता र परिवेशगत सीमान्तीयताका पक्षहरू केकस्ता छन् भन्ने कुरा पहिचान गरिएको छ । यसका लागि पुस्तकालयीय स्रोतबाट प्राथमिक तथा द्वितीयक सामग्री सङ्कलनपश्चात् गुणात्मक विधिबाट विश्लेषणका प्रक्रियालाई आत्मसात् गरिएको छ । यद्यपि 'गाउँको माया' कथा विश्लेषणका लागि अन्य सैद्धान्तिक घटकहरूको सम्भावना भए पनि यहाँ पूर्ववर्ती समालोचकहरूद्वारा सघन रूपमा प्रस्ट पार्न नसकिएको सीमान्तीयताका तीन घटककै सापेक्षतामा विश्लेषण र मूल्याङ्कन गरिएकाले यस आलेखको औचित्य रहने विश्वास गरिएको छ ।

## सीमान्तीयताको सैद्धान्तिक पर्याधार

इसाको सोह्रौँ शताब्दीमा पाश्चात्य साहित्यबाट विकसित 'सबाल्टर्न'को नेपाली रूपान्तर 'सीमान्तीयता' हो । यो सांस्कृतिक अवधारणाअन्तर्गत पर्ने नवीन सैद्धान्तिक मान्यताका रूपमा स्थापित छ । सीमान्तीयताको समानार्थी अङ्ग्रेजी शब्द सबाल्टर्नको व्युत्पत्तिगत अर्थ 'निम्न पद वा ओहोदाको व्यक्ति' भन्ने हुन्छ' (कोलिन्स् शब्दकोश) । यसरी पद वा स्तरगत आधार निर्धारणमा सीमान्तीयताको सम्बन्ध भए पनि यसको सुरुवाती उठानचाहिँ आर्थिक पक्षसँग गाँसिएको पाइन्छ । प्रसिद्ध दार्शनिक कार्ल मार्क्सले सर्वप्रथम अर्थसँग जोडेर सम्भ्रान्त र सर्वहाराको सन्दर्भमा सबाल्टर्नको विषय उठान गरेका थिए । उनले भनेजस्तै वर्गीय स्वरूपको बीजबाट उत्पत्ति भएको "सबाल्टर्न शब्दले निर्धा, निमुखा, दबिएका, हेपिएका र ओझेलमा परेका श्रमिक, सर्वहारा र उत्पीडित वर्ग/व्यक्ति/समूहलाई बुझाउँछ" (श्रेष्ठ, २०६८, पृ. १७) भनिएको पाइन्छ । अर्थात्, सबार्ल्टनको अवस्था भनेकै मूलधारभन्दा पछाडि पारिएको अवस्था हो ।

समसामयिक सन्दर्भमा सबाल्टर्नलाई एन्टोनियो ग्राम्चीले स्थापित गरेका छन् । एन्टोनियो ग्राम्चीले प्रभुता वा प्रभुत्वका सन्दर्भबाट सबाल्टर्नलाई हेरेका छन् (शर्मा, २०७०, पृ.३१६) । उनले सधैँ अभिजात शासक वर्गबाट शोषणमा पर्ने सर्वहारा वर्ग कहिल्यै माथि उठ्न नसक्ने गरी शोषित भइरहन्छ भनेका छन् । ग्राम्चीले स्थापना गरेको सबाल्टर्न चेतनालाई गायत्री चक्रवर्ती स्पिभाकको *क्यान द सबाल्र्टन स्पिक*ले विश्वव्यापी बनाएको मानिन्छ (भट्टराई, २०६९, पृ. ११२) । दार्शनिक कार्ल मार्क्सको वर्गद्वन्द्व वा वर्गसङ्घर्षसँग सम्बन्ध गाँसिएको सीमान्तीयताले समाजभित्र वर्गीयरूपमा धनी र गरिबको अवस्था हुन्छ भन्ने मान्यता राख्दछ । नवमार्क्सवादीहरूले शोषक र शोषित वर्गसम्बन्धी सीमान्तीयता पहिचान गर्ने आधार खडा गरेको पाइन्छ । स्पष्टरूपमा नवमार्क्सवादी एन्टोनिया ग्राम्चीले मार्क्सको वर्गीय विभाजनका आधारमा साहित्यिक सबाल्टर्नको सैद्धान्तिक चर्चा

गरेका हुन् । शासक र शासित वर्गका बिच दमनमा आधारित सम्बन्धसँगको व्याख्या कार्ल मार्क्स, प्लेखानोभ, जर्ज लुकाच आदिले गरे पनि इटालेली नवमार्क्सवादी एन्टोनियो ग्राम्चीलाई समसामयिक सन्दर्भमा यसको उन्नायक र सबाल्टर्न या अवरजनसम्बन्धी वैचारिक धारणाको पर्याय नै मानिन्छ (शर्मा, २०७०, पृ. ३१६) । यही कुरा नेपाली समालोचक मोहनराज शर्माले पनि सांस्कृतिक अध्ययनसँग सम्बन्धित सीमान्तीयतालाई 'अवरजन'का रूपमा उल्लेख गरेका छन् । यद्यपि यस्ता प्रयोगलाई नेपाली मौलिक शब्द उपयोग गर्ने सन्दर्भमा आएको मानिन्छ । शर्माको परिभाषाबाट 'सामाजिक, आर्थिक र राजनैतिक दृष्टिबाट तल्ला दर्जाको अधीनस्थ समूह, समुदाय वा व्यक्ति अवरजन वा सबाल्टर्न हो' (शर्मा, २०७०, पृ.३१५) भन्ने कुरा प्रस्ट हुन्छ । जे होस्, ग्राम्चीले आफ्नो पुस्तक *सेलेक्सन फ्रम दि प्रिजन नोटबुक्स*मा पहिलो पटक सीमान्तीकृत वर्ग र त्यस वर्गका सारभूत विशेषताबारे व्याख्यात्मक टिप्पणी गरेको पाइन्छ । उनले इटालेली समाज र त्यस समाजसँग सम्बन्धित इतिहास लेखनमा देखापरेका उच्च वर्गीय अवस्थाको वर्णन गर्ने सिलसिलामा यसलाई राज्यको मूलधारबाट पछि पारिएका वर्ग तथा समुदायका रूपमा उल्लेख गरेका छन् (ग्राम्ची, सन् १९७१/१९९२, पृ. ५२) । सीमान्तीयता अर्थात् सबाल्टर्नको अर्थ समाजमा हेपिएका, तल पारिएका अधीनस्थ वा आवाजविहीन वर्ग, व्यक्ति वा समुदाय भन्ने नै हो (चालिसे, सन् २०२०, पृ. २५) । यसर्थ, सीमान्तीयताले सीमान्तकृत वा किनारीकृतबाट लेखिएका रचनाहरूलाई आधार बनाएर अध्ययन गर्दछ ।

हुन त सांस्कृतिक सन्दर्भमा आफ्नो दरिलो साइनो गाँसेको सीमान्तीयताले उच्च वा सम्भ्रान्त वर्गलाई स्वीकार नगर्ने मात्र होइन, सोको ठाडो विरोध पनि गर्दछ । सबाल्टर्न अध्ययनले सुकिला, कुलीन वर्गका विरुद्ध किनारीकृत समूहलाई केन्द्रमा राखेर इतिहासको व्याख्या गर्छ र ती समूहको अन्तर्विरोध, साहित्यमा त्यसको पक्षधरता, शासकीय अधीनस्थता, मौनता, प्रतिरोध आदिका कारणहरूको खोजी गर्दछ (एटम, २०७३, पृ.२४७) । यस मानेमा सीमान्तीयताको कुनै निश्चित भूगोल छैन । यो सर्वव्यापी रहेको हुँदा कुनै पनि जाति, वर्ग, क्षेत्र, लिङ्ग, धर्म, संस्कार, रूप, रङ, स्वभाव, चिन्तन आदिमा पनि सीमान्तीयता रहेको हुन्छ । अचेल सीमान्तीयता शब्दले आर्थिक, राजनीतिक, भौगोलिक, लैङ्गिक, सांस्कृतिक आदि विभिन्न दृष्टिले पछाडि परेका वा पारिएका दलित, जनजाति, निमुखा, अतिविपन्न वर्गलाई बुझाउने गरेको पाइन्छ (गौतम, २०६७, पृ.३९३) । यसैले सीमान्तीयताभित्र अरूभन्दा निम्नस्तरका तुलनायोग्य हुने व्यक्ति, जाति, वर्ग, लिङ्ग, समुदाय, परिवेश आदि पर्दछन् । खासगरी यी राष्ट्रको मूलधारमा नआई सामाजिक रूपबाट बहिष्करणमा समेत पर्दछन् । अतः यसले सीमान्तकृत पात्र, परिवेश, वर्ग, प्रतिनिधित्व, पहिचान, लैङ्गिकतालगायतका विषयमा समसामयिक सन्दर्भबाट केकस्तो विभेद वा पछाडि पारिएको अवस्था छ भनी अध्ययन गर्दछ । यसै सैद्धान्तिक आधारमा प्रस्तुत इस्मालीको 'गाउँको माया' कथाभित्र विद्यमान वर्गीय, परिवेशगत र चेतनागत सीमान्तीयताबारे विश्लेषण गरिएको छ ।

## 'गाउँको माया' कथामा प्रतिबिम्बित सीमान्तीयता

प्रगतिवादी कथाकारले मूलतः वर्गद्वन्द्वको विषयलाई प्राथमिकता दिन्छन् । त्यस्तै लघु प्रकृतिको यस 'गाउँको माया' कथामा पनि सम्भ्रान्त वर्ग र सीमान्तीय वर्गबिचको द्वन्द्वलाई प्रस्तुत गरिएको छ । नेपालको तराई क्षेत्रलाई केन्द्रबिन्दु बनाएर त्यहाँका सीमान्तकृत किसान वा हली समुदायसँग गाँसिएका सङ्घर्ष, मालिकद्वारा गरिएका दासतापूर्ण व्यवहार र हकअधिकारका लागि सीमान्तकृत वर्गद्वारा गरिएका प्रयासहरू नै यसका मूल विषय बनेका छन् । यो एक किसिमबाट आफ्नो हकअधिकारका लागि सीमान्तकृत वर्गद्वारा गरिएको चेतनामूलक प्रयासको प्रतिनिधिमूलक घटनाका रूपमा आएको छ । यसले जति ग्रामीण समाजको यथार्थपूर्ण अवस्थालाई देखाएको छ त्यति नै परिवर्तनको झिल्को फैलिन सक्ने सम्भावनालाई पनि देखाएको छ । यसका लागि 'म' पात्र अर्थात् कृष्ण, परिछन, फेकना, शनिचरजस्ता बनीबुतो र हलीकिसानी गर्ने सीमान्तीय पात्र तथा साहुमहाजनजस्ता अभिजात वर्गका पात्रहरू प्रयोग गरिएका छन् । यसबाट यथार्थपरक नेपाली समाजलाई प्रस्ट्याउने काम भएको छ । अतः देहाबमोजिमको वस्तुविन्यास, पात्र र तिनका चारित्रिक वैशिष्ट्य तथा परिवेशीय अवस्था आदिका आधारमा अर्थात् सीमान्तीयताको सैद्धान्तिक कसीमा रहेर विश्लेषण गरिन्छ :

**वस्तुविन्यास**

इस्मालीद्वारा लिखित 'गाउँको माया' कथाको प्रमुख पात्र 'म' हो । उसलाई  कृष्ण, किसन, किसुन वा किस्नाजस्ता नामले बोलाइन्छ । ऊ दुई वर्षदेखि नै जन्मस्थल छाडेर अन्यत्र बस्दै थियो । गाउँ फर्कने तीव्र चाहना बोकेको 'म' पात्र विभिन्न अल्झनलाई पन्छाउँदै बल्लतल्ल आज मात्र गाउँ फर्कन सफल हुँदै छ । गाउँ फर्कँदै गर्दा उसले आफ्ना थुप्रै बाल्यकालीन घटनाहरू सम्झन थाल्दछ । परिछन, बुधना, रामदरस, बखतबहादुर जस्ता साथीसँग बिताएका रमाइला क्षणहरू, आफ्नो सानो भाइ, आमा, बा, घर, टोल र पूरै गाउँको सम्झना उसमा गहिरो प्रभाव पार्न थाल्छ । यी सबै कुराहरूले कृष्णको मनभित्र एक किसिमको भावुकता र आत्मीयताको तरङ्ग ल्याउँछ । उसको सम्झनामा खासगरी भाइले पठाएको चिठी गहिरो रूपमा गुन्जिन्छ, जसले गाउँमा अब चेतनास्तर बढ्दै गएको सङ्केत दिन्छ । भाइको चिठीबाट प्रेरणा पाउँदा कृष्ण गाउँ फर्कन अझ तीव्र उत्साहका साथ अघि बढ्छ । यस्तैमा, उसलाई परिछनले पठाएको चिठी पनि सम्झना आउँछ । त्यस चिठीमा परिछनले आफू 'गँवार' भएको बताउँदै, कृष्णलाई पढेलेखेको मानिसका रूपमा चित्रण गरेको हुन्छ । परिछनको त्यो आत्मबोधपूर्ण लेखनले कृष्णलाई झनै मन छुन्छ र गाउँ छिटो पुग्ने दृढ निश्चय गर्न बाध्य बनाउँछ ।

गर्मी महिनाको चर्को घाममा हिँड्दै गर्दा कृष्ण गाउँको छेउमा पुगिसकेको हुन्छ । त्यत्तिकैमा कसैले पछाडिबाट "जयरामजीकी किसन भाइ !" भनेर बोलाउँछ । उसले फर्किएर हेर्दा हलो

जोतिरहेको मानिस, जो हस्याङफस्याङ गर्दै आइरहेको हुन्छ, ऊ परिछन हो । उनीहरू विगतमा गाई चराउने, बदाम र मकै चोरेर खाने, गीत गाउने र विभिन्न खेलमा रमाउने लँगोटिया साथी थिए । परिछन पहिले केही वर्ष अरूकै गोठालोको रूपमा काम गर्दथ्यो । पछि ज्यालादारीमा हली बस्यो । अब परिछनको छोराले पनि बाबुको पेसा अँगाल्न थालेको छ, जसले पुस्तान्तरणमार्फत निरन्तरता पाइरहेको श्रमजीवी जीवनशैलीलाई देखाउँछ । पुस्तागत सीमान्तीयता भोग्न बाध्य छ परिछन ।

कृष्ण सिमलको रुखको फेदमा बसेर पसिना पुछिरहेको बेला परिछन लोटा लिएर पानी लिन खोलातिर जान्छ । त्यस बेला कृष्णले पुनः खोलासँग जोडिएका पुराना दिनहरू सम्झिन्छ । गाईको पुच्छर समाएर बाढीमा खोलो तरेका, बटुवाहरूलाई समेत तार्ने गरेको साहसी कामहरूको याद आउँछ । त्यहीँ बर्खामा खोलैको पानीले बनेको कुवा, जसको पानी अत्यन्त चिसो र मीठो लाग्थ्यो । केही समयपछि परिछन त्यहीँबाट पानी लिएर फर्किन्छ ।

पानी पिउन दिइसकेपछि परिछन भन्छ- "आजकाल गाउँमा तीन पाटी भयो, किस्ना ।" यी शब्दहरूले कृष्णलाई झसङ्ग बनाउँछ । उसलाई अङ्ग्रेजहरूले प्रयोग गरेको 'डिभाइड एन्ड रुल' नीति, अर्थात् फुटाएर शासन गर भन्ने रणनीति अब गाउँमा समेत व्याप्त भएको महसुस हुन्छ । यहाँ धनी, साहु, जमिनदारहरूले गरिब जनताको चेतनास्तर उक्लन नदिने नियत राखेको देखिन्छ । उनीहरू जनतालाई सधैं हली, गोठालो र मजदुरकै रूपमा नियति भोग्न बाध्य बनाउँछन् । कृष्ण यो मनस्थिति बुझ्दै परिछनलाई सोध्छ - "तेस्रो पाटी कहाँबाट आयो ?"

त्यसपछि परिछन गत वर्ष रोपाइँको समयमा चार किलो बनीको विषयलाई लिएर गरिएको हडतालको प्रसङ्ग सुनाउँछ । सुरुमा फेकन र शनिचरको नेतृत्वमा भएको त्यो आन्दोलन प्रभावकारी लागे पनि पछि उनीहरू धनीहरूबाट चारचार मन धानको लोभमा बिकेको कुरा आउँछ । त्यसपछि उनीहरूलाई परिछनहरूकै समूहबाट निष्कासन गरियो र छुट्टै नयाँ पाटी बनाए । परिछन अहिलेको अवस्था वर्णन गर्दै नयाँ नेतृत्वले अझ स्पष्ट रणनीतिका साथ अघि बढ्न लागेको जानकारी दिन्छ । परिछनका यस्ता कुराहरू सुनेर कृष्ण गहिरो पीडा र निराशामा रुमलिन्छ । उसले महसुस गर्छ कि ऊ गाउँमा नभएको समयमै परिछनहरूजस्ता मेहनती मानिसहरू धेरै समस्याबाट गुज्रिसकेका छन् । तर, उसले परिछनहरूकै मेहनत र त्यागबाट गाउँलेले इज्जत कमाएको यथार्थ उल्लेख गर्दै गाउँलेमा खोलाझैं दिशाहीन भइसकेको धार फर्काउने सामर्थ्य रहेको बताउँछ । त्यसपछि अघि बढेर कृष्ण बाटो लाग्न लाग्छ ।

हिँड्नुअघि नै परिछनले आग्रह गर्छ - "हाम्रो दुःख, पीडा, अन्याय र सङ्घर्ष बोल्ने नाटक लेखिदेउ, किस्ना ।" कृष्णले त्यो सामाजिक यथार्थमा आधारित नाटक लेख्ने जिम्मेवारी लिँदै गाउँ पस्छ ।

**वर्गीय सीमान्तीयता**

'गाउँको माया' कथामा मूलतः वर्गीय सीमान्तीयता नै पाइन्छ । यहाँ सम्भ्रान्त र सर्वहारा गरी दुई वर्गको सङ्घर्षपूर्ण उपस्थिति रहेको छ । वर्गीय आधारमा हेर्दा यस कथामा एकातिर परिछन, फेकन र शनिचरजस्ता प्रमुख सीमान्तीकृत पात्रहरू प्रयोग भएका पाइन्छन् भने अर्कातिर साहुमहाजनहरू सूच्य रूपमा भए पनि प्रमुख प्रतिद्वन्द्वी पात्रका रूपमा आएका पाइन्छन् । परिछनलगायका सीमान्तकृत पात्रहरू खासगरी कृषि कर्ममा संलग्न छन् र साहुमहाजनको कामदार भई जीवन निर्वाह गर्छन् । उदाहरणका लागि परिछनको अवस्था विशेषलाई पनि उल्लेख गर्न सकिन्छ । ऊ बाल्यकालदेखि नै क्रमशः गोठालो बस्ने, बनी कमाउने र हली मात्र बसेको तथ्य कथाको 'म' पात्रमार्फत यसरी प्रस्तुत भएको छ : "परिछन पनि पहिले गोठालो थियो- लगभग छ-सात वर्षकै उमेरदेखि । चौध-पन्ध्रको किशोरवयी नहुँदै बनी कमाउन थाल्यो र पछि हली बस्यो, सायद ज्यालादारीमा । छोरालाई पनि त्यही काम सिकाउँछ र पछि छोराले पनि आफ्नो छोरालाई पनि त्यही काम सिकाउला (पृ. ७१)।" यस किसिमको साक्ष्यले परिछनको विगतदेखि वर्तमानसम्मको कष्टपूर्ण अवस्थालाई मार्मिकरूपमा बोध गराएको छ । ऊ बाल्यकालीन छसात वर्षको उमेरदेखि नै अर्काको घरमा गएर गाईवस्तु चराउने गोठालो हुनु, चौधपन्ध्रको किशोर वय नहुँदै जीवन धान्न बनीबुतो गर्दै कमाउन बाध्य हुनु र क्रमशः ज्यालादारीमा पनि हली बस्नुले उसको चरम आर्थिक सीमान्तीयतालाई उद्घाटन गरेको छ ।

त्यस्तै 'म' पात्रले परिछनको छोराको समेत भविष्यबारे अनुमान गरेको छ । पेसागत पुस्तान्तरणमा परिछनको वंश यसै किसिमबाट रहिरहन सक्ने सङ्केत यसरी गरिएको छ : "त्यै गीत अचेलहुँदो परिछनको छोराले गाउँदो हो । गोठालो लागेको होला- परिछनको छोरो पनि, बाबुको बिँडो थाम्दै । पछि, अलि उमेरदार भएपछि, हली बस्ला (पृ.७१) ।" वास्तवमा सर्वहारा वर्गमा जन्मिएको एउटा बालकको भावी जीवनको सफल गन्तव्य नै उमेरदार भएपछि हली बस्न सक्ने सम्भावनामा बिट मार्नुपरेको अवस्था देखिन्छ । त्यो हली बन्ने सन्दर्भमा पनि सम्भावनाको खोजी गरिएबाट सीमान्तीय पात्रको भविष्य अझ पराश्रित र कष्टकर हुन सक्ने सङ्केत प्रस्ट हुन्छ । यस्तै सीमान्तीय पात्रले चार किलो बनी पाउनका लागि पनि हडताल नै गर्नुपरेको सन्दर्भ परिछनमार्फत यसरी आएको छ : "गत साल रोपाइँको बेलामा हामीले चार किलो बनीको कुरालाई लिएर हड्ताल गऱ्यौँ (पृ.७४) ।" उल्लिखित साक्ष्य वा उदाहरणहरूबाट के प्रस्ट हुन्छ भने 'गाउँको माया' कथामा वर्गीय सीमान्तीयता जीवन्त अभिव्यक्ति पाइन्छ ।

**चेतनागत सीमान्तीयता**

यस 'गाउँको माया' कथामा आएका पात्रहरूको चेतनागत स्तरमा समेत अत्यन्त सीमान्तीयता झल्किन्छ । परिछन, फेकन र शनिश्चरजस्त पात्रहरू निरक्षर छन् । उनीहरूमध्ये कसैले पनि औपचारिक शिक्षा आर्जन गर्न सकेका छैनन् । आफूले औपचारिक शिक्षा आर्जन गर्न

नसकेपछि सामान्य चिठीसमेत अरूकै सहारामा लेखाउनुपर्ने बाध्यता गाउँबासीमा रहेको छ । यस्तै अवस्थामा 'म' पात्रका लागि परिछनद्वारा भाइमार्फत चिठी लेखाउनुपरेको बाध्यतापूर्ण अवस्थाबारे यसरी प्रस्तुत गरिएको छ : "एकपटक स्वयम् परिछनले पनि, सायद मेरो भाइद्वारा नै हुन सक्छ, लेखाएर पठाएथ्यो (पृ. ६९) ।" यस साक्ष्यबाट के प्रस्ट हुन्छ भने म पात्रको अनुमानमा पनि एक पटक परिछनले म पात्रकै भाइद्वारा चिठी लेखाएको हुनुपर्छ । हुन पनि त्यस गाउँमा अलि चिठी लेख्न सक्ने पात्रको रूपमा म पात्रकै भाइ मात्र रहेको हुँदा परिछनले उसैसँग सहारा लिएको हुन सक्ने देखिन्छ । त्यसैगरी अर्को प्रसङ्गमा पनि परिछनले म पात्र अर्थात् किसनलाई तिमी लेखपढ गरेर 'ठुला मान्छे' भएको भनेको पाइन्छ । त्यस वेला आफूले लेखपढ गर्न नपाउँदा गँवार बनेको र अहिले केही पनि जान्न नसकेको परिछनको भनाइ यसरी आएको छ : "किसन भाइ, तिमीहरू त लेखपढ गरेर ठूला मान्छे भयौ । सँगैका साथी हामी, लाग्छ, धेरै पछाडि छुटिसक्यौं । कठै ! तिमी पनि गाउँमा बसिदिँदा हौ त हामीजस्ता गँवारले पनि दुईचार कुरा जान्ने मौका पाउने थियौं (पृ. ६९-७०)।" यस किसिमको साक्ष्यबाट निश्चय पनि परिछनले लेखपढ गर्न नपाएकाले दुईचार कुरासमेत जान्ने अवसर नमिलेको बताइरहेको प्रस्ट हुन्छ ।

वस्तुतः शिक्षाले चेतनाको स्तर वृद्धि गर्न सक्छ भन्ने यथार्थ सीमान्तीय पात्र परिछनजस्ताको भनाइबाट पुष्टि हुन्छ । त्यस्तै आफूले लेखपढ गर्न नसकेकामा परिछनलाई जति पीडा छ, त्यति नै पीडाबोध लेखपढ गरेको साथीसँग रहन नपाउनुमा पनि रहेको देखिन्छ । लेखपढ गर्ने समयमा परिछनलाई कसैले पनि विद्यालय जान नभनेको तथा सँगैमा 'म' पात्रलाई चाहिँ टोलका मानिसहरूले चलाख र छिट्टै कुरा टिप्न सक्ने ठानेर विद्यालय पठाउन भनेको सन्दर्भ कथामा 'म' पात्रमार्फत नै यसरी प्रस्तुत भएको पाइन्छ : "टोलका मानिसहरूले मेरा आमा-बालाई हुटहुटी लगाइदिए- "चलाख छ, कुरो चाँडै टिप्छ । स्कुल पठाइदिनुस्, भविष्य राम्रो हुन्छ ।' र, म स्कुल जान थालें- काठको पाटी बोकेर । यहीँदेखि परिछन र मबीचको अन्तराल बढ्न थाल्यो ( पृ.७२)।" यस किसिमको साक्ष्यबाट के प्रस्ट हुन्छ भने गाउँबासीले औपचारिक शिक्षा आर्जन गर्न नसकेपछि उनीहरू एकदम सरल तरिकाबाट साहुमहाजनको उक्साहटमा पर्दै आएका छन् । यही कारण ठालुहरूले परिछनजस्ता पात्रलाई परिछनकै हैसियतमा सधैं राख्नका लागि आपसमा फुटाएर राज गर्ने गरेको यथार्थ पढेलेखेको 'म' पात्रले यसरी बुझिसकेको देखिन्छ :

> *सहसा मलाई लाग्यो- गाउँमा सायद अब अङ्ग्रेजहरूको रोग सर्दै छ, 'डिभाइड एन्ड रुल !' र परिछनहरू भाँचिँदै छन् । परिछनहरूको सगबगाउँदो चेतनासँगै गाउँमा ठालुहरू नयाँ जुक्तिहरू सोच्दै छन् ता कि तमाम परिछनहरू परिछन नै रहून् । अर्थात् क्रीतदासरूपी हली-गोठाला नै रहून् र मालिकहरूकै कृपापात्र भएर रहून्, जुन एउटा परम्पराका रूपमा तिनका पुर्खाहरूले तिनका हातमा नासो छोडेर गएका थिए । (पृ. ७४)*

यस साक्ष्यद्वारा धनीमहाजनले कथाका अशिक्षित पात्रहरूलाई सजिलैसँग एकापसमा विभाजन गर्न सफल भएको कुरा सङ्केत हुन्छ । त्यस्तै बनीको कुरामा एकीकृत भएर हडताल गरेका निमुखा सीमान्तीय पात्र अन्ततः प्रलोभन र आश्वासनमा उल्टै एकता टुटाउन बाध्य भएको प्रसङ्ग पनि यसमा आएको छ । त्यसैक्रममा आन्दोलनको अगुवा फेकन र शनिचरजस्ता सीमान्तकृत पात्रहरू धनीहरूको प्रलोभनमा परेको घटनालाई समेत परिछनमार्फत यसरी व्यक्त गरिएको पाइन्छ : *"गए साल रोपाइँको बेलामा हामीले चार किलो बनीको कुरालाई लिएर हड्ताल गऱ्यौँ । सुरुमा त सब राम्रो थियो । तीन दिनसम्म काम ठप्प भयो । हामीले फेकन र शनिचरलाई अगुवा बनाएका थियौँ । पछि उनीहरूले धोका दिए र धनीहरूसँग मिले । चार-चार मन धान दिन्छु भनेका थिए रे । त्यही लोभमा हडताल बिच्काइदिए (पृ. ७४) ।"* निश्चय पनि यस साक्ष्यका आधारमा औपचारिक शिक्षाबाट वञ्चित एवम् कमजोर चेतनास्तर भएकाहरूलाई धनीद्वारा बिचमै तुहाइएको प्रस्ट हुन्छ । सीमान्तकृतको आफ्नो सङ्गठित हडताललाई धनीले प्रलोभनमा पारेर निस्तेज गराउन सक्लान् भन्ने आशङ्का कोही पनि सीमान्तवर्गले अनुमान नै गर्न नसक्ने अवस्था रहेको छर्लङ्ग हुन्छ । बरु यस्तो सीमान्तीय चेतनास्तरले उल्टै आफ्नै सहयोद्धालाई विपरीत ठानेको कुरा परिछनकै माध्यमबाट यसरी प्रकट भएको छ *: "पछि मालिकहरूले पनि एक मनभन्दा बढी धान दिएनन् रे । त्यसपछि उनीहरू छुट्टै पाटी बनाएर बस्याछन् । हडताल पनि बिच्किहाल्यो, न बनी बढ्यो, उल्टै हाम्रो एकता टुट्यो (पृ.७४-७५) ।"* वास्तवमा उल्लिखित विभिन्न साक्ष्य र प्रसङ्गहरूबाट 'गाउँको माया' कथामा सीमान्तीय पात्रहरूको चेतनामा समेत अत्यन्त सीमान्तीयता वा दबिएका कारण तार्किक क्षमताको सम्भावना पनि नरहेको प्रस्ट हुन्छ ।

**परिवेशगत सीमान्तीयता**

'गाउँको माया' कथामा देश, काल र वातावरणमा समेत सीमान्तीयता झल्किएको देखिन्छ अर्थात् यसमा स्पष्टरूपले परिवेशगत सीमान्तीयता पाइन्छ । वस्तुतः ठाउँ, समय र परिस्थितिगत अवस्था नै परिवेश हो । यसकारण सहरी परिवेशमा जेजति पढेलेखेका वा शिक्षित रहने गर्छन् त्यसको अनुपातमा निश्चय पनि गाउँले परिवेशमा लेखपढ नगर्नेको बाहुल्य वा सीमान्तीय वर्गकै बसोबास हुने गरेको पाइन्छ । जति शैक्षणिक निकायका रूजमा रहने विद्यालय तथा क्याम्पसहरू हुन्छन् तिनीहरू सुगम क्षेत्रमै बढी मात्रामा पाइन्छन् । यस दृष्टिले समेत प्रस्तुत कथाको 'म' पात्रका माध्यमबाट गाउँबाट सहर जाँदा र अहिले सहरबाट गाउँ आउँदाको व्यावहारिक भिन्नता अनुभव गरिरहेको अवस्थालाई यहाँ प्रस्तुत गरिएको छ । जब म पात्र गाउँमा प्रवेश गर्दै परिछनसँगको संवादमा जुटिरहेको अवस्था छ यस वेला केवल ग्रामीण परिवेशको सीमान्तीय प्रभाव मात्र प्रतिविम्बित भएको देखिन्छ । ग्रामीण निरक्षर र अशिक्षित पात्रको सीमान्तकृत प्रभाव कसरी प्रतिविम्बित भएको छ भन्ने कुरा यस भनाइबाट अझ स्पष्ट हुन्छ : "एउटा कुराको दुःख छ भाइ ! यस्तो बेलामा किसुन भाइ ! तिमी पनि गाउँमा हुँदा हौ त हामीलाई धेरै आड-भरोस मिल्थ्यो, बल

मिल्थ्यो । आखिर हामी त मूर्ख र गँवार न हौँ । तिमी लेखपढ गरेको मान्छे (पृ.७५) !" एउटा शिक्षित पात्र मात्र गाउँमा बसिदिने हो भने सीमान्तीकृत पात्रको जीवनमा कति ठुलो राहत हुने थियो भन्ने कुरा यस साक्ष्यबाट छर्लङ्ग हुन्छ नै । त्यस्तै प्रस्तुत कथामा स्वच्छ पिउने पानीको समेत उचित प्रबन्ध नभएको कुराले पनि परिवेशीय सीमान्तीयताको सङ्केत गरेको पाइन्छ । हुन पनि यस गाउँमा धारा, ट्युबेल तथा इनारजस्ता पिउनयोग्य पानीको स्रोत नभएर गाउँले खोलाकै पानी पिउनुपर्ने बाध्यता बेहोरिरहेका छन् । यद्यपि यसै पानीलाई स्वादिलो मान्दै उपयोग गर्दै आएका छन्। खोलाको पानी सधैँ पिउनयोग्य हुन्छ वा हुँदैन भनेर शुद्धता परीक्षणको सबाल त कसले गर्न सक्ला र ! यति टाढासम्म पानीको शुद्धताबारे सोच्न सक्ने अवस्थासमेत त्यस सीमान्तीय वर्गमा नरहेको कुरा यस भनाइबाट पनि पुष्टि हुन्छ : "अरे, के कुरा गर्छौ ? सर्बत बिर्साउँछ यहाँको पानीले । पख..'' भन्दै ऊ दगुर्दै गयो र जोतिँदै गरेको कोलाको आलीमा रहेको लोटा टिपेर खोलामा झऱ्यो (पृ.७३) ।" यसप्रकार प्रस्तुत 'गाउँको माया' कथामा तराईको त्यो सीमान्तकृत समुदाय बसोबास गर्ने ठाउँ, तिनीहरू बसोबास गर्दाको समय र तत्कालीन परिवेश आदि हरेक कुरामा दबिँदा वा हेपिँदाको अवस्थामा प्रतिविम्बित हुने चेतना विद्यमान रहेको पाइन्छ । अतः 'गाउँको माया' कथामा परिवेशगत सीमान्तीयता प्रशस्त प्रतिविम्बन झल्किने गरेको छ ।

यद्यपि उल्लिखित किसिमबाट यस कथामा वर्गीय, चेतनागत र परिवेशगत सीमान्तीयताको सघन प्रतिविम्ब झल्किए पनि यसमा आशावादी वैचारिक चेतनाको सङ्केत पाइन्छ नै । यसैकारण अब यहाँ रबिन हुडको मात्र नभई 'म' पात्रले लेख्ने नाटकको समेत अपेक्षा गरिएको छ ।

## निष्कर्ष

कथाकार इस्मालीद्वारा लिखित 'गाउँको माया' कथाले तराईको सीमान्तकृत समुदायलाई आधार मानेर तिनैमा केन्द्रित विषयवस्तु, पात्र र परिवेशलाई प्रस्तुत गरे पनि यो समग्र सीमान्तीय अवस्थाको प्रतिनिधिमूलक कथाका रूपमा रहेको छ । यहाँ बनीबुतो गर्ने हलीगोठालाहरूको हकअधिकारप्राप्तिका लागि सङ्घर्ष गरिएको छ । पुस्तौँपुस्तादेखि तिनले बेहोर्दै आएको मार्मिक जीवनचक्रको यथार्थ चित्रण गरिएको छ । साथै सीमान्तीय विषयको सशक्त प्रस्तुतिका लागि सोही किसिमका सीमान्तीय चरित्र र परिवेशको उल्लेख गरिएको छ । यसकारण पनि यहाँ सीमित पुरुष पात्रहरूको प्रयोगमा माध्यमबाट तत्कालीन वर्गद्वन्द्वको अवस्था झल्किन्छ अर्थात् समाजवादी यथार्थवादी चिन्तनको प्रभाव झल्किन्छ । यसमा सम्भ्रान्त र सर्वाहारा गरी दुई वर्गका पात्र प्रयोग गरिए पनि संवादमा आएका सक्रिय पात्रहरू केवल सीमान्तीय वर्गका मात्र रहेका छन् । त्यस्तै अभिजात वा सामन्ती वर्गका पात्रहरू सूच्य रूजमा आए पनि तिनीहरू एउटा वर्गकै प्रतिनिधित्व गर्ने दमनकारी एवम् शक्तिशाली अवस्था रहँदा आएका तर अबउपरान्त तिनको भविष्य यथावत् नरहनेतर्फ सङ्केत गरिएको छ । यसबाट के प्रस्ट हुन्छ भने कथाकार इस्मालीले धनी र गरिबको वर्गीय स्वरूपलाई गाउँले परिवेशमा मार्मिक तरिकाबाट विन्यास गरेका छन् । यस्तै शिक्षित र

अशिक्षितजस्ता चेतनागत आधारमा र ग्रामीण तथा सहरी क्षेत्रको परिवेशत आधारमा पनि सीमान्तीयता पाउन सकिन्छ भन्ने प्रमाणित गरेका छन् । निष्कर्षतः कथामा वर्गीय, चेतनागत र परिवेशगत आधारका सीमान्तीय स्वरूप स्पष्ट पाउन सकिन्छ । यसर्थ कथाकार इस्मालीद्वारा लिखित गाउँको माया कथालाई नवीन सीमान्तीय दृष्टिकोणबाट समानुकूल व्याख्या विश्लेषण गर्न सकिने सीमान्तीयताको यथार्थ चित्र उतारिएको कथा हो भन्ने पुष्टि हुन्छ ।

## सन्दर्भसूची


इस्माली (२०७७). *माछो माछो भ्यागुतो.* (दोस्रो सं.). बागबजार : ज्ञानज्योति बुक्स पब्लिकेसन प्रा.लि.।

एटम, नेत्र (२०७४). *सङ्क्षिप्त साहित्यिक शब्दकोश.* काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

ग्राम्ची, एन्टोनियो (सन् १९७१/१९९२). *सेलेक्सन अफ दि प्रिजन नोट बुक्स* (प्रोब्लम अफ हिस्ट्री एन्ड कल्चर). न्युवर्क : इन्टरनेसनल पब्लिसर्स ।

गौतम, लक्ष्मणप्रसाद (२०६७). “उत्तरआधुनिक समालोचनामा कृति विश्लेषणका पद्धति र प्रारूप”. *भृकुटी* (पूर्णाङ्क १०, माघ, फागुन, चैत्र) पृ.३८४-३९८ ।

चालिसे, केशवराज (सन् २०२०). “अँधेरी गाउँ कथा र मैदारोमा मिथ मेकिङ सबाल्टर्न”. *जेजेआइएस* (भोलुम ९, इस्यु १, जुलाई) पृ. २२-३४ ।

बराल, ऋषिराज (२०७३). *मार्क्सवाद र सबाल्र्टन अध्ययन.* ललितपुर : साझा प्रकाशन

भट्टराई, गोविन्दराज (२०६९). *समयबोध र उत्तरआधुनिकता.* काठमाडौं : ओरिएन्टल पब्लिकेसन ।

शर्मा, मोहनराज (२०७०). “अवरजन अध्ययन र साहित्य”. *भृकुटी* (सांस्कृतिक अध्ययन विशेषाङ्क, अङ्क १९) पृ. ?

श्रेष्ठ, तारालाल (२०६८). *शक्ति, स्रष्टा र सबाल्टर्न.* काठमाडौं : डिस्कोर्स पब्लिकेसन ।

sahityakar ismali साहित्यकार इमाली (महेश पौडेल, महेश्वर उपाध्याय)

**SUBALTERN definition and meaning | Collins English Dictionary**